# त्रिभुवन विश्वविद्यालय
# कृषि र पशु विज्ञान अध्ययन संस्थान
# डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं, नेपाल

प.सं./च.नं.

**(B.V.Sc.& A.H.) स्नातक तहमा विद्यार्थी भर्नासम्बन्धी सूचना ।**

**प्रकाशित मितिः २०८१/०७/०९ गते ।**

शैक्षिक वर्ष २०८१/०८२ का लागि यस अध्ययन संस्थान अन्तर्गत संचालित पक्लिहवा क्याम्पसमा सञ्चालन हुने पशु चिकित्सा तथा पशु विज्ञान **(B.V.Sc.&A.H.)** स्नातक तहको नयाँ विद्यार्थी भर्नाको लागि प्रवेश परीक्षा उर्त्तिण गरी योग्यता सूचीमा भएका परीक्षार्थीहरुको भर्ना प्रक्रिया तपशिल बमोजिम हुने व्यहोरा जानकारी गराईन्छ ।

**तालिका नं.१ः पशु चिकित्सा तथा पशु विज्ञान (B.V.Sc.&A.H.) स्नातक तहमा भर्नाको कोटासम्बन्धी विवरणः**

| कोटा वितरण | वि.भि.एस्सी.एण्ड ए.एच. |
|---|---|
| क) मेरिट | १७ |
| ख) आरक्षण | |
| छात्राः खुला | २ |
| आदिवासी/जनजाती | १ |
| मधेसीः खुला | १ |
| थारु | १ |
| दलित | १ |
| अपाङ्ग | १ |
| अन्य | १ |
| ग) अध्ययनसंस्थान विकास शुल्क | १५ |
| घ) एनेक्स कार्यक्रम अन्तर्गत (क्याम्पसबाट भर्ना हुने) | **१० जना** |
| एनेक्स कार्यक्रम खुला | ७ |
| स्टाफ कोटा | १ * |
| स्थानिय कोटा | १ * |
| MOU भएका नेपाल सरकारका निकायका मनोनयी | १ * |
| **जम्मा संख्या** | **५० जना** |

*****_एनेक्स कार्यक्रम अन्तर्गत यस अध्ययन संस्थानसँग MoU भएका नेपाल सरकारको निकायका मनोनयी, स्थानिय कोटा र स्टाफ कोटा खाली भएमा एनेक्स खुल्ला कोटामा समावेश गरिनेछ ।_

**१. भर्ना विधि :** शैक्षिक वर्ष २०८१/०८२ को लागि यस अध्ययन संस्थान अर्न्तगत सञ्चालित क्याम्पसमा मेरिट खुला, मेरित आरक्षण, अध्ययन संस्थान विकास शुल्क (IDF) र ANNEX कोटामा विद्यार्थी भर्ना काउन्सेलिङ विधिबाट गरिनेछ । उक्त दिन उपस्थित हुन नसकेमा अर्को काउन्सेलिङमा रिक्त रहेका कोटाहरुको लागि उपस्थित हुन सक्नेछन । भर्ना कार्यक्रम अध्ययन संस्थानको स्नातकोत्तर भवन (PG Building), कीर्तिपुरमा सञ्चालन हुनेछ ।

# त्रिभुवन विश्वविद्यालय
# कृषि र पशु विज्ञान अध्ययन संस्थान
# डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं, नेपाल

**प.सं./च.नं.**

**तालिका नं. २ : भर्ना काउन्सेलिङको मिति र समय**

| मिति | काउन्सेलिङको लागि आइपुग्नु पर्ने समय | काउन्सेलिङ समय | उपस्थिति हुनुपर्ने मेरिट क्रम |
|---|---|---|---|
| २०८१/०७/१३ | विहान १०:३० बजेभित्र | ११:०० बजेदेखि ११:१५ सम्म | मेरिट नम्बर १ देखि ५० (पशु चिकित्सा) |

**२. भर्ना शुल्क सम्वन्धमा:**
भर्ना शुल्क काउन्सेलिङको दिनमा नेपाल बैंक लि., कीर्तिपुरमा यस अध्ययन संस्थानको "कृ.प.वि.अ.सं डीनको कार्यलय" नाममा रहेको खाता नं. "०४५००१००१०४०१९००००३ " (**IAAS Dean's Office**, A/C no. "**04500100104019000003**) मा रु. **९,२५०।-** जम्मा गरी सोको सक्कल भाउचर बुझाउनु पर्नेछ।

**३. पशुचिकित्सा तर्फ अध्ययन संस्थान विकास शुल्क** : IDF कोटामा भर्ना हुन IDF कुल शुल्क रु. ३,५०,०००।- (तीन लाख पचास हजार मात्र) मध्ये प्रथम किस्ताको रकम रु. २,००,०००।- (दुई लाख मात्र) भर्नाको दिनमा बुझाउनु पर्नेछ।

**४. पशुचिकित्सा तर्फ एनेक्स कोटा शुल्क** : एनेक्स कोटामा भर्ना हुन पक्लिहवा क्याम्पसको वैङ्क खाता "**कृ.प.वि.अ.स. पक्लिहवा क्याम्पस**" रहेको वैङ्क शाखा "**नेपाल बैङ्क लि. सिद्धार्थनगर भैरहवा**" बैङ्क खाता नं "**०११००१००४१७७५५००००१** " मा कुल रकम रु. **४,५०,०००।-**(चार लाख पचास हजार मात्र) जम्मा गरी सोको सक्कल भाउचर बुझाउनु पर्नेछ।

मिति २०८१/०७/१३ मा भर्ना हुनेले मिति २०८१/०७/१४ गते ४:०० बजेसम्म तोकिएको अपुग कागजात र शुल्क बुझाउँनु पर्नेछ।

**२. भर्नाको समयमा पेश गर्नु पर्ने सक्कल कागजातहरु:**

क. रकम जम्मा गरेको बैंक भाउचर।

ख. नेपाली नागरिकताको प्रमाणपत्र।

ग. १०+२ वा प्रमाणपत्र तहको लब्धाङ्कपत्र (Transcript) र प्रमाणपत्र (चारित्रिक वा मुल प्रमाणपत्र)। १०+२ को Aggregate Transcript नभएको हकमा कक्षा १२ को Transcript मात्र भएको खण्डमा कक्षा ११ को Marksheet पनि पेश गर्नु पर्नेछ।

घ. १०+२ वा सो सरहको स्थानान्तरण प्रमाणपत्र (Migration) वा TU registration card। स्थानान्तरण प्रमाणपत्र त्रि.वि. का आंगिक क्याम्पसमा वुझाइ सकेको भए सो क्याम्पसवाट स्थानान्तरण प्रमाणपत्र वुझि लिएको सक्कल पत्र।

ङ. नेपाल बाहिरको शैक्षिक संस्थाबाट १०+२ वा सो सरह उत्तिर्ण गर्नेको हकमा समकक्षता (Equivalence) प्रमाणपत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

च. आरक्षित कोटामा भर्ना हुन मुल सूचना अनुसारको निकायबाट जारी भएका आइडी कार्ड वा आवेदन फाराम भर्दा संलग्न गरेका सिफारिस पत्र।

***द्रष्टव्य:*** *विद्यार्थी स्वयं आफु आउन नसक्ने अवस्थामा नागरिकताबाट नाता खुलेको व्यक्तिले प्रमाण पेश गरी भर्ना गर्न सकिनेछ।*

..............................................

डा.किशोर चन्द्र दाहाल
नि. डीन एंव संयोजक
भर्ना समिति